# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - १२

## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल माघ २९ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विद्या भट्टराई
२. मा० श्री विनाकुमारी श्रेष्ठ
३. मा० श्री विन्दा पाण्डे
४. मा० श्री विनादेवी बुढाथोकी
५. मा० श्री विमला विश्वकर्मा
६. मा० श्री विरोध खतिवडा
७. मा० श्री विशाल भट्टराई
८. मा० श्री विष्णु शर्मा
९. मा० श्री शशी श्रेष्ठ
१०. मा० श्री शान्ता चौधरी
११. मा श्री शान्तिमाया तामाङ पाख्रिन
१२. मा० श्री शेरबहादुर तामाङ
१३. मा० श्री समीना हुसेन
१४. मा० श्री सरला कुमारी यादव
१५. मा० श्री सरिता कुमारी गिरी
१६. मा० श्री सरिता न्यौपाने
१७. मा० श्री सरवत आरा खानम
१८. मा० श्री सुजाता परियार
१९. मा० श्री सञ्जय कुमार गौतम
२०. मा० श्री हरिराज अधिकारी
२१. मा० श्री हिरा गरुङ्ग

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री झपटबहादुर रावल
२. मा० श्री मिनबहादुर विश्वकर्म
३. मा० श्री लक्ष्मणलाल कर्ण
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री डिला सँग्रौला (पंत)
८. मा० श्री केदार सिग्देल
९. मा० श्री पार्वता डि.सी. (चौधरी)
१०. मा० श्री यज्ञबहादुर बोगटी
११. मा० श्री रामबहादुर विष्ट
१२. मा० श्री प्रदिप यादव
१३. मा० श्री गोपालबहादुर बम
१४. मा० श्री गजेन्द्रबहादुर महत

तत्पश्चात कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका मा० सभापति श्री पूर्ण कुमारी सुवेदीले “बिरुवा संरक्षण (पहिलो संशोधन) विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६” पेश गर्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री रामबहादुर थापाले “कारागार विधेयक, २०७६” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त “कारागार विधेयक, २०७६” लाई अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम विरोधको सूचना प्राप्त नभएकोले मा० गृह मन्त्री श्री रामबहादुर थापाले “कारागार विधेयक, २०७६” प्रस्तुत गर्नुभयो ।

तत्पश्चात मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले “शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको पारमाणविक विधेयक, २०७६ माथि छलफल गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहित पारमाणविक विधेयक, २०७६ माथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री खगराज अधिकारी
२. मा० श्री शेरबहादुर तामाङ्ग
३. मा० श्री प्रेम सुवाल

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “पारमाणविक विधेयक, २०७६” का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६५ सम्म उल्लेखित संशोधनहरुलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले “पारमाणविक विधेयक, २०७६” का सम्बन्धमा शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदनको क्रमसंख्या १ देखि ६५ सम्म उल्लेखित संशोधनहरुलाई विधेयकको अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५७ सम्म “पारमाणविक विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक, २०७६” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले “रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक, २०७६ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट पारित भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २ गते शुक्रबार दिनको २:०० बस्नेगरी दिनको ३:१० बजे स्थगित भयो ।

गोपालनाथ योगी
संघीय संसदको निमित्त महासचिव